# राजीनामा दिन आग्रह गर्नु र जबरजस्ती राजीनामा दिन लगाउनु

・मलाई "कम्पनीको व्यवस्थापन (आर्थिक) अवस्था कठिन भएकोले तपाईं काम छोड्नुहोस्" भनेर भनियो।
・मलाई "यो काम तपाईंको लागि उपयुक्त नभएकोले अर्को काम खोज्नुहोस्" भनेर भनिएकोले मैले मन नलागी नलागी काम छोडें।

---

**1. सुरुमा निश्चय गरेर हेर्नुहोस्।**

राजीनामा दिन आग्रह गर्नु भनेको रोजगारदाताले कामदारलाई स्वेच्छाले काम छोड्न सुझाव दिनु हो।

जबरजस्ती राजीनामा दिन लगाउनु भनेको राजीनामा दिन आग्रह गरिए तापनि कामदारले राजीनामा नदिएको खण्डमा, तपाईंलाई बेफाइदा हुन्छ भनेर धम्की दिई जबरजस्ती छोड्न लगाउनु हो।

रोजगारदाता र कामदार बीच स्थापना गरिएको श्रम सम्झौतालाई रोजगारदाता पक्षले एकतर्फी रूपमा रद्द गरेमा त्यो "बर्खास्तगी" हुन्छ। बर्खास्तगी गर्नको लागि बर्खास्तगी गर्न लायकको तर्कसंगत कारण नभएमा त्यसो गर्न सकिँदैन र विभिन्न कानुनी प्रतिबन्धहरू छन्। त्यसैले कामदारलाई छोड्न लगाउने विचार भएका केही रोजगारदाताहरूले कामदारलाई स्वेच्छाले राजीनामा दिन प्रेरित गर्ने प्रयास गर्छन्। कामदारले यसमा सहमति जनाएमा, सामान्यतया त्यो "सहमतिमा गरिने राजीनामा" हुने हुनाले रोजगारदाता बर्खास्तगीसँग सम्बन्धित नियमहरूबाट बच्न सक्छ।

**2. राजीनामा दिन आग्रह गरिएको र जबरजस्ती राजीनामा दिन लगाइएको खण्डमा**

राजीनामा दिन गरिएको आग्रह स्वीकार गर्ने वा नगर्ने भन्ने कुरा कामदारको स्वतन्त्र निर्णय हो। कामदारले रोजगारदाताद्वारा राजीनामा दिन गरिएको आग्रह स्वीकार गरी एक पटक राजीनामा पत्र पेस गर्‍यो त्यसलाई रद्द गर्न अत्यन्तै कठिन हुन्छ।

राजीनामा दिने भए तापनि राजीनामा दिने बेला सर्तहरू (आर्थिक माग, वार्षिक तलबी छुट्टी लिने, रोजगार समाप्ति प्रमाणपत्रमा लेखिने विवरणहरू आदि) आदि केही पनि छलफल नगरीकन राजीनामा पत्र पेस नगर्नुहोस्। पछि यी कुराहरूबारे छलफल गर्न अत्यन्तै कठिन हुन्छ। राजीनामा पत्र पेस गर्नु अघि राजीनामा कारण निश्चय, मिलापत्र रकम जस्ता राजीनामा दिने बेला माग गर्न चाहेका कुराहरूबारे छलफल गरी, निर्णय गरिएको विवरण लिखित रूपमा लिनु महत्त्वपूर्ण हुन्छ।

जबरजस्ती राजीनामा दिन लगाउन गरिएका कार्यहरू धम्की वा गलत बुझाइमा पर्ने खण्डमा, कामदारले त्यस अनुसार राजीनामा दिन सहमत भएको अवस्थामा पनि, त्यसलाई अमान्य वा रद्द गराउन दाबी गर्न सक्छ।

**3. राजीनामा दिन आग्रह गरिएर र जबरजस्ती राजीनामा दिन लगाएर राजीनामा दिने बेला निश्चय गर्नुपर्ने कुराहरू**

・रोजगार बीमामा सहभागी भएको खण्डमा

रोजगार बीमाको खण्डमा, कम्पनी छोड्नुको कारण अनुसार आधारभूत भत्ता पाउने दिन संख्या फरक हुने अवस्था पनि हुन्छ। "आफ्नै कारणले राजीनामा दिएको" खण्डमा 3 महिनाको अवधि भत्ता लिन नपाइने प्रतिबन्ध लगाइन्छ। रोजगार बीमाको सहभागीले राजीनामा दिन गरिएको आग्रह स्वीकार गर्ने खण्डमा, राजीनामाको कारण निश्चय गरेर राख्नुहोस्।

・काम छोड्दा पाइने रकम सम्बन्धी नियम भएको खण्डमा

काम छोड्दा पाइने रकम प्रणालीको व्यवस्था भएको कम्पनीमा, कम्पनी अनुसार "आफ्नै कारणले राजीनामा दिएको" र "कम्पनीको कारणले दिएको राजीनामा" मा काम छोड्दा पाइने रकमको भुक्तानी दर फरक हुने अवस्था पनि हुन्छ। कुन रकम भुक्तानी हुन्छ भन्ने कुरा राजीनामा अगाडि नै कम्पनीसँग निश्चय गरिराख्नु महत्त्वपूर्ण हुन्छ। कम्पनीले "आफ्नै कारण" ले काम छोड्दा पाइने रकम मात्र भुक्तानी गरिन्छ भनेर भनेको खण्डमा, त्यो कुरा चित्त नबुझेमा त्यसलाई सच्याउन माग गर्नुहोस्।

**4. कम्पनीसँग सुधारको माग गर्दा पनि प्रतिक्रिया दिइएन।**

शंका लागेको कुरालाई त्यत्तिकै नछोडी, कानागावा जिल्लाको विदेशी नागरिकहरूको लागि श्रम सम्बन्धी परामर्श काउन्टरमा फोन गरी वा प्रत्यक्ष रूपमा आएर परामर्श गर्नुहोस्।

काउन्टरमा अनुवादक मार्फत समस्याको समाधानका उपायहरूबारे सल्लाह दिने, अवस्था अनुसार कम्पनीमा सम्पर्क गरी सत्य कुरा निश्चय गर्ने जस्ता कुराहरू गरी सम्बन्धित पक्षहरू आफै समाधानमा पुग्न मद्दत गरिन्छ।

---

**पुष्टि गर्नुहोस्।**

□ तपाईंले राजीनामा पत्र पेस गरिसक्नुभएको त छैन?
□ राजीनामा दिन आग्रह गरिनुको कारण के हो?
□ तपाईं के चाहनुहुन्छ? (पहिलेकै कार्यस्थलमा काम गर्न चाहने आदि)

---